# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, पुस २६ गते २०६१ साल (संख्या ३८

## भाग ३

### श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मनकामना क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ३ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (क) र (घ) बमोजिम श्री ५ को सरकारको तर्फबाट तोकिने र मनोनीत हुने देहायका अध्यक्ष र सदस्यहरूको पदावधि २०६४।६।६ सम्म कायम रहने गरी समितिको सदस्यमा हेरफेर गरेको छ।

१. श्री नरेन्द्रबाबु श्रेष्ठ, मनकामना गा. वि. स. ३, गोरखा — अध्यक्ष
२. श्री गणेशबाबु थापा, मनकामना गा. वि. स. ३, गोरखा — सदस्य
३. श्री टंकप्रसाद दुवाडी, मनकामना गा. वि. स. ६, गोरखा — सदस्य
४. श्री एकबहादुर गुरुङ बक्राङ्ग गा. बि. स. ६, गोरखा — सदस्य

आज्ञाले,
भोजराज घिमिरे
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी बी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले भारतबाट आयात गर्ने भा.रू. २,१६,०००।– मूल्य बराबरको Siamens Telephone Set मा १ प्रतिशत भन्सार महसुल असुल गरी अरू भन्सार महसुल तथा मूल्य अभिवृद्धि छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६१ को दफा २० ले दिएको अधिकार प्रयोग गरी पासाङ्ग ल्हामु पर्वतारोहण प्रतिष्ठानद्वारा सोलुखुम्बूमा संचालित पासाङ्ग ल्हामु निकोल निकी अस्पतालको लागि स्वीटजरल्याण्डबाट उपहार स्वरुप प्राप्त हुने स्वीस फ्रैङ्क ३,०००।–मूल्य बराबरका स्वास्थ्यसम्बन्धी सामाग्री आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी अरू भन्सार महसुल तथा मूल्य अभिवृद्धि छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।